**सवारी दुर्घटनाबाट बचौं र बचाऔं ।**
- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शङ्का लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं ।
- अनियन्त्रित र तीव्र गतिमा सवारीसाधन नचलाऔं ।
- समय-समयमा सवारीसाधनको मर्मतसम्भार गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

kirloskar
Oil Engines




अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ असार २९ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 13 Wednesday ❖ मूल्य ५/-❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३१५

# वीरगंजका विद्यालयका बेथितिहरू सुधारिने

नितेश कर्ण, वीरगंज, २८ असार/

वन तथा वातावरण मन्त्री प्रदीप यादवले महानगरका सामुदायिक विद्यालयका बेथितिहरूलाई सुधार गर्ने बताएका छन्।


तस्वीरः प्रतीक

त्रिजुद्ध महावीरप्रसाद रघुवीर राम प्राविधिक विद्यालयमा आयोजित कार्यक्रममा मन्त्री यादवले राजनीतिक आस्थाका आधारमा शिक्षण पेशालाई अगाडि नबढाउन आग्रह गरे। उनले विद्यालयका समस्याहरू समाधान गर्ने आश्वासन दिंदै विद्यार्थीहरूलाई गलतरूपमा प्रयोग नगर्न सुझाए।

यसअघिको कार्यकालमा विद्यार्थीहरूलाई व्यक्तिगत स्वार्थ प्रयोजनमा प्रयोग गरेर शिक्षकहरूले बदनामी कमाएको भन्दै त्यस्ता कार्यलाई निरुत्साहित गर्ने र शिक्षालाई निस्स्वार्थ रूपमा अगाडि बढाउन आग्रह गरे। उनले विषयगत शिक्षकहरूको नियुक्ति गरिने र अनावश्यकरूपमा शिक्षकहरूको सरुवा, बढुवा महानगरले नगर्ने आश्वासन दिए।

विषयगत शिक्षकहरूको अभावमा महानगरको शिक्षा प्रणालीमा विकृति मौलाएको भन्दै उनले यस्ता कार्यलाई निरुत्साहित गरिने बताए। उनले ढुक्क भएर शिक्षण पेशालाई इमानदारीपूर्वक निर्वाह गर्न सुझाव दिंदै राम्रो गर्ने शिक्षकलाई कुनै पनि अवस्थामा हतोत्साहित नगरिने बताए।

नगरप्रमुख राजेशमान सिंहले शिक्षण पेशालाई समृद्ध बनाउनको लागि आफ्नो इमानदार प्रयास रहने बताए। व्यक्तिगतरूपमा आफू कसैसँग पूर्वाग्रही नहुने र शिक्षकहरूलाई पनि पूर्वाग्रह त्यागेर काम गर्न आग्रह गरे। उनले महानगरका सामुदायिक विद्यालयहरूको स्तरोन्नतिको आवश्यकता अनुसार विद्यालयहरूलाई सहयोग गर्ने उनले प्रतिबद्धता जनाए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सञ्जय कलवारको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष जगतसाह कानू, बैजु स्वर्णकारलगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा सहभागी शिक्षकहरू दयाकान्त झा, हरिन्द्र चौरसियालगायतले महानगरका विद्यालयहरूको अवस्था दयनीय भएको बताए। उनीहरूले विनियोजित बजेटमा विद्युत् शुल्क नराखिएकोले समस्या भएको, छ सयजना विद्यार्थी अध्ययनरत विद्यालयमा अध्यापनको लागि सातजना शिक्षक मात्र रहेको, शौचालयको व्यवस्था नभएको, शौचालय महिलामैत्री नभएको, कतिपय विद्यालयहरूमा वर्षा र जाडोमा त्रिपाल झुन्ड्याएर अध्यापन गराउनुपर्ने बाध्यता रहेको जस्ता गुनासाहरू पोखेका थिए।

कार्यक्रममा प्रअ हरिन्द्र कुर्मीले स्वागत गरेका थिए।

# भारतबाट एक/दुई बोरा मल ल्याउन दिइने -मन्त्री यादव

प्रस, वीरगंज, २८ असार/

कृषि तथा पशुपक्षी मन्त्री मृगेन्द्र यादवले तराई-मधेसका किसानहरूको लागि भारतबाट साइकल, मोटरसाइकलमा मल ल्याउन दिनको लागि स्थानीय प्रशासनलाई सहजीकरण गर्न निर्देशन दिएका छन्।

कृषि अनुसन्धान निर्देशनालय, मधेस प्रदेश, परवानीपुरको सभाहलमा निर्देशनालयद्वारा आयोजित स्वागत तथा सम्मान कार्यक्रममा उनले नेपाल सरकारले जिटुजी सम्झौता अनुसार भारतबाट अहिले पनि एक लाख मेट्रिक टन मल आउन बाँकी रहेको र साउनको पहिलो सातादेखि मात्र नेपालमा मलको उपलब्धता सहज हुने बताए। भारतसँग टाँसिएका तराई-मधेसका जिल्लाहरूका प्रमुख जिल्ला अधिकारीलाई भारतबाट साइकल, मोटरसाइकलमा भित्रिने एक/दुई बोरा मलको लागि सहजीकरण गर्न भनेको छु, उनले भने। मन्त्री यादवले नेपालमा वार्षिक सात लाख मेट्रिक टन मल आवश्यक रहेकोमा सरकारले तीन लाख मेट्रिक टन मल मात्र ल्याउने गरेकोले सधैं मलको अभाव भइरहेको बताए।



तस्वीरः रासस

कार्यक्रममा जसपाकी नेत्री करिमा बेगमले नेपाल सरकारको उदासीनताको कारण कृषिमा विविध समस्या रहेको चर्चा गरिन्। उनले किसानलाई समयमा मल, सिंचाइ नपाउने, यान्त्रीकरणमा अनुदान, ऋण अनुदानलगायतका सुविधाहरू वास्तविक किसानहरूले नपाउने गरेको बताइन्।

मधेस प्रदेशकी सांसद भीमा यादवले कृषि मन्त्रालयमा यसअघि २०६४ सालमा मन्त्री बनेर अनुभव हासिल गरेका मन्त्री यादवले कृषकहरूको समस्या समाधान गर्नुपर्ने बताइन्।

निर्देशनालयका कार्यकारी निर्देशक डा विशेश्वरप्रसाद यादवले नेपाल कृषिप्रधान देश भएपनि अनुसन्धान क्षेत्रमा नेपाल सरकारको लगानी न्यून रहेकोले बजेट बढाउन आग्रह गरे। उनले ७२ जना कर्मचारीको दरबन्दी रहेको परवानीपुर निर्देशनालयमा अहिले २४ जना कर्मचारी मात्र रहेको र एकजना कर्मचारीले चार/पाँच जनाको काम गरेर सरकारको चालू आवको कार्यक्रम गरेको बताए। उनले कृषि अनुसन्धान कार्य कृषि क्षेत्रको मुटु भएकोले कृषिमा व्यापक अनुसन्धान गरेका देशहरूले विकासमा फड्को मारेको बताए।

निर्देशनालयका वैज्ञानिक अजित झाको सहजीकरणमा सम्पन्न भएको कार्यक्रममा कृषि औजार अनुसन्धान कार्यालय, रानीघाटका प्रमुख सचिनकुमार मिश्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ, बाराका प्रमुख डा हेमचन्द्र जयसवाल, साल्ट ट्रेडिङ कम्पनीका प्रमुख आमोद लामिछाने, बारा, पर्सा, सर्लाहीका कृषि मन्त्रालय मातहतका सरकारी कार्यालयका प्रतिनिधिहरूको सहभागिता थियो। कार्यक्रममा निर्देशनालयकी वैज्ञानिक मिताली साहले स्वागत गरेकी थिइन्।

# छिपहरमाई गापाले करारका कर्मचारी हटाउँदै

प्रस, वीरगंज, २८ असार/

छिपहरमाई गाउँपालिका कार्यालयले साउन १ गतेदेखि लागू हुनेगरी करारमा कार्यरत कर्मचारीहरूलाई हटाउने निर्णय गरेपछि सोविरुद्ध करारका कर्मचारीहरू आन्दोलित भएका छन्।


अध्यक्ष गुप्तालाई ध्यानाकर्षण गराउँदै करारका कर्मचारी। तस्वीरः प्रतीक

छिपहरमाई गापा कार्यालयले असार २६ गते सूचना जारी गर्दै साउन १ गतेदेखि करारमा कार्यरत सबै तहका कर्मचारीलाई हटाउने निर्णय गरेको थियो। सोविरुद्ध आज करारमा कार्यरत १४६ जना कर्मचारीले संयुक्त हस्ताक्षर गर्दै गापा कार्यालयको ध्यानाकर्षण गराएका छन्।

ध्यानाकर्षणपत्रमा कर्मचारीहरूलाई योग्यताको आधारमा काम गर्ने वातावरण सिर्जना गर्नुपर्नेमा राजनीतिक आस्थाको आधारमा हटाउने कार्य निन्दनीय भएको भन्दै सो निर्णय सच्याउन आग्रह गरेका छन्।

छिपहरमाई गापा र कार्यपालिकाले गरेको निर्णय सच्याउन आग्रह गर्दै करारका कर्मचारीहरूले आज छिपहरमाई गापामा ध्यानाकर्षणपत्र दर्ता गराएका हुन्। गापामा कृषि, शिक्षा, पोषण, रोजगार, स्वास्थ्य, गापा प्रहरी, कार्यालय सहायक, पाले, स्वास्थ्य तथा सवारीतर्फका प्राविधिकहरू गरी १४६ जना करार सेवामा कार्यरत छन्।

# अनियमितताको आरोपमा विद्यालयका तीनजनाविरुद्ध मुद्दा

प्रस, वीरगंज, २८ असार/

वीरगंज महानगर-२४ रामगढवास्थित रामजानकी नेपाल राष्ट्रिय प्राविको निर्माण समितिका संयोजक, सदस्य-सचिव र सदस्य गरी तीनजनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक अनियमितताको आरोपसहित मङ्गलवार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

अख्तियारका प्रवक्ता श्यामप्रसाद भण्डारीले निर्माण समितिका अध्यक्ष कन्हैया साह कानू, प्रधानाध्यापक तथा सदस्य-सचिव रामवचन प्रसाद र सदस्य रामचन्द्र साह कानूले अस्वाभाविकरूपमा रकम पेश्की लिएको र निर्माण कार्य नगरेको देखिएकोले निजहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिम कसूर भएको देखेर उक्त रकम असुलउपर हुनेगरी मागदाबीसहित मङ्गलवार विशेष अदालतमा मुद्दा दायर गरेको बताए।

प्रचलित खरीद ऐन नियम अनुसार सम्झौता गरेर पेश्की रकम निकासा गर्नुपर्नेमा सो पनि नगरिएको कारण अनियमितताको नियत पुष्टि भएकोले तीनैजनाविरुद्ध विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको प्रवक्ता भण्डारीले बताए।

# राष्ट्रिय गौरवको योजनाको काम अघि बढ्छ -मन्त्री यादव

प्रस, वीरगंज, २८ असार/

वन तथा वातावरण मन्त्री प्रदीप यादवले राष्ट्रिय गौरवको योजना काठमाडौं तराई-मधेस द्रुतमार्ग, निजगढ अन्तर्राष्ट्रिय विमानस्थललगायतको कामलाई वर्तमान सरकारले तीव्र गतिमा अगाडि बढाउने बताएका छन्।


कार्यक्रममा मन्तव्य व्यक्त गर्दै वन तथा वातावरण मन्त्री प्रदीप यादव। तस्वीरः प्रतीक

क्रियाशील युवा पत्रकार मञ्च वीरगंजले आयोजना गरेको भेटघाट तथा स्वागत कार्यक्रममा उनले विकासको नाममा वनविनाशका गतिविधि बढ्दै गएको चर्चा गर्दै पर्यावरण सन्तुलनलाई मिलाएर गरिएको विकास निर्माण दिगो हुने बताए। उनले आफू मन्त्री भएको एक साता पनि नपुगेको र मन्त्रालयका विषयवस्तुहरू बुझ्न बाँकी रहेको बताउँदै आफ्नो कार्यकाल स्मरणीय बनाउने दाबी गरे।

मन्त्री यादवले देशभर सञ्चालित अवैध क्रसर उद्योगहरूको नियमन गर्ने र त्यस्ता उद्योगहरूलाई बन्द गराउने प्रतिबद्धता दोहोऱ्याए। उनले अवैधरूपमा सञ्चालित क्रसर उद्योगबाट चुरेको दोहन भइरहेको र कालान्तरमा मधेस मरुभूमि हुने सम्भावना रहेकोले यो कार्यलाई प्राथमिकतामा राखेर काम गर्ने बताए।

उनले नागरिकता विधेयक पास गराउन आफ्नो इमानदार पहल हुने दाबी गरे। 'जनताको रहर हरित शहर' सफल पार्न साउनदेखि देशभर एक करोड बिरुवा रोप्ने योजना रहेको बताए।

वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले कुनै पनि दलको मुखपत्र नभएर निष्पक्ष, स्वतन्त्ररूपमा पत्रकारिता गर्न सुझाए। उनले पत्रकारिताको माध्यमबाट समाज रूपान्तरणमा भूमिका खेल्न आग्रह गरे।

क्रियाशील युवा पत्रकार मञ्चका अध्यक्ष प्रणय साहको अध्यक्षतामा भएको कार्यक्रममा जसपाका मुकेश द्विवेदी, ईश्वरचन्द्र यादव, मञ्चका सल्लाहकार मनोज उपाध्याय, शिवशङ्कर साह, प्रताप श्रेष्ठलगायतले शुभकामना व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण महासचिव वीरेन्द्र साहले गरेका थिए भने कार्यक्रमबारे उपाध्यक्ष आनन्द पटेलले प्रकाश पारेका थिए।

## विचारसार र सूक्तिहरू

अन्य जीव इन्द्रियको प्रेरणाले हिंड्छन्, मानिस आफ्नो प्रेरणाले इन्द्रियलाई चलायमान बनाउँछ । अन्य जीवलाई आफ्नो स्वार्थ प्रधान हुन्छ, मानिस आफ्नो चासो नराखेर अरूको हितसाधना गर्दछ। यही मानिसको विशेषता हो ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# कुरा मात्रले शहर हरित हुँदैन

**वन तथा वातावरण मन्त्री बनेका प्रदीप यादवले अहिले सबैखाले कार्यक्रममा वृक्षारोपणलाई प्राथमिकता दिने कुरा गर्दै आएका छन्। उनी मन्त्री भएको अहिले साता बित्दो छ। नयाँ मन्त्री भएकाले उनले भन्ने कुरा पनि शायद यस्तै होला। यसअघिका मन्त्रीहरूले पनि वन जोगाउने, वृक्षारोपण गर्ने कुरालाई प्राथमिकता दिने खालका भाषण गर्दै आएका थिए। तर नेपालको वनको अवस्था कसैबाट लुकेको छैन । हरियो वन नेपालको धन भन्ने कुरा कुनै बेला किताबमा पढ्दा राम्रो लाग्थ्यो भने अहिले सुन्नेहरू हासो गर्न थाल्छन् । किनभने नेपालको वनको अवस्था दिनानुदिन खस्कँदो छ। वन जोगाउने कुरा नारा र प्रतिबद्धतामा मात्र सीमित भएको छ। जबकि संरक्षणका लागि गुरुयोजना बनाएर अगाडि बढ्नुपर्छ। नेपालको वनको अवस्थाका बारेमा थुप्रै अध्ययन, अनुसन्धान भएका छन्। तर सो अध्ययन, अनुसन्धानबाट आएका प्रतिवेदन अनुसारको कार्य भने कसैले गरेका छैनन्। "जनताको रहर, हरित शहर" मन्त्री यादवको नयाँ नारा छ। शहर हरित बनाउनु पक्कै पनि राम्रो कुरो हो । यसको लागि पनि गुरुयोजना बनाएर गर्ने हो भने सफलता पाइन्छ। मुखले भनेर हरित हुने भए उहिलै वीरगंज महानगरपालिका हरित हुने थियो । यसबारेमा आकर्षक नाराहरू घन्काउन कसैले बाँकी राखेका छैनन् ।**

**हरित शहर बनाउनेतर्फ योजना र सो योजना कार्यान्वयनका लागि आर्थिक स्रोतको आवश्यकता पर्छ। वीरगंजको सन्दर्भमा आदर्शनगर क्षेत्र मात्र अहिलेसम्म सबल देखिएको छ । महानगरपालिका, विभिन्न सङ्घसंस्थाहरूको आर्थिक लगानी र ग्रीन सिटी सामुदायिक सेवा केन्द्रको अथक प्रयासबाट सो क्षेत्र महानगरका अन्य वडा, टोलभन्दा हरित छ। आदर्शनगर क्षेत्रलाई हरित पार्ने कार्यमा भएका प्रयास, लगानी ठूलो छ। वृक्षारोपण गर्नु बहादुरी होइन, सोको संरक्षण सबैभन्दा प्रमुख विषय हो। महानगरले विभिन्न संस्थाहरूसँगको सहकार्यमा घण्टाघर लिङ्करोड, घण्टाघर-पावरहाउस चोकसम्मको सडकखण्डका डिभाइडरहरूमा वृक्षारोपण गरेको छ। केही स्थानमा संरक्षण गरिएकाले बिरुवा हुर्के बढेका छन् भने केही स्थानमा संरक्षण अभावमा बिरुवाहरू नष्ट भएका छन्। यसो त महानगरमा विभिन्न उत्सव, पर्वहरूमा वृक्षारोपण गर्ने फैशन छ। उदाहरणको लागि वीरगंजको ठाकुर राम बहुमुखी क्याम्पसलाई लिउ, त्यहाँ जति वृक्षारोपण शायद कहीं भएको छैन। त्यहाँ वृक्षारोपण गरिन्छ तर संरक्षण अभावमा बिरुवाहरू हुर्कन, बढ्न सक्दैनन् । वृक्षारोपणको गणना गर्ने हो भने ठाराब क्याम्पस अहिलेसम्म घना जङ्गलमा परिणत भइसक्नुपर्ने हो । केही संरक्षित रूखहरू हुर्के बढेका छन्, त्यसबाहेक नयाँ बिरुवाहरू हुर्कन बढ्न नपाई नष्ट भएका छन् ।**

**महानगरले सिङ्गो ३२ वटा वडामा बिरुवा संरक्षणको लागि दुई/चार जना हेरालुको व्यवस्था गरेको पाइन्छ। उनीहरूले कहाँ-कहाँको बिरुवा संरक्षण गर्ने ? बिरुवा संरक्षणको नाममा महानगरपालिकाले झारा टार्ने काम गर्दै आएको छ। नचाहिंदो काममा कर्मचारी भर्ना गर्ने महानगरले बिरुवा संरक्षणको लागि जिम्मेवारी दिएर कर्मचारी राख्नुपर्छ। बिरुवा संरक्षणमा वडाहरू पनि जागरूक हुनैपर्छ । वडाहरूले आफ्नो क्षेत्रका बिरुवा संरक्षणमा चासो देखाएमा बिरुवाहरूको संरक्षण हुन सक्छ । आर्थिक लाभका कामलाई मात्र प्राथमिकतामा राख्दा भावी सन्ततिलाई पनि फाइदा पुग्ने [redacted] छ ।**

# मोहरबाट फोहर

स्वतन्त्र विचार



विनोद गुप्ता

**फोहर प्रशोधन केन्द्रको सञ्चालन राम्ररी र प्रभावकारी तरीकाले भएको भए पनि प्राप्त केही जानकारीले भने 'फोहरबाट मोहर' बनाउने अवधारणा 'मोहरबाट फोहर' बनाउनेमा रूपान्तरित गरिएकोजस्तो लाग्छ ।**

कुनै बेला विश्वकै अत्यन्त फोहर शहर मानिएको न्युयोर्क सिटीले अहिले दैनिक १२ हजार मेट्रिक टन फोहर व्यवस्थापन गर्दछ। १२ हजार मेट्रिक टनमध्ये एकतिहाई इन्सिनरेटरमा प्रयोग गरेर ७० मेगावाट बिजुली उत्पादन गरिन्छ भने बाँकी दुईतिहाई ल्यान्डफिल साइटमा लगेर राखिन्छ । जापानको राजधानी टोकियोमा दैनिक ८ हजार टन फोहर सङ्कलन हुन्छ। यसलाई पुनः प्रयोग गर्न सकिने र मल बनाउन सकिने गरी छुट्याएर २१ ठाउँमा जडान गरिएको इन्सिनरेटरमा जलाएर विद्युत् उत्पादन गरिन्छ । सामान्यतया इन्सिनरेटरबाट निस्कने धूवाँबाट प्रदूषण हुने कुरामा बहस भइरहँदा त्यहाँ जडान गरिएका इन्सिनरेटरको चिमनीबाट धूवाँको सट्टा पानीको बाफ निस्कने अत्याधुनिक प्रविधि प्रयोग गरिएको छ । त्यहाँको फोहर व्यवस्थापन 3R (Reduce, Reuse, Recycle) को सिद्धान्तमा आधारित छ। त्यस्तै दक्षिण कोरियाको राजधानी सिओलमा उत्पादन हुने दैनिक करीब ९ हजार मेटन फोहरलाई ल्यान्डफिल, कम्पोस्टिङ, रिसाइकिल एवं इन्सिनरेशन गरी सबै प्रविधिको प्रयोग गरी व्यवस्थापन गर्ने गरिएको पाइन्छ ।

ब्रजीलको राजधानी साउपाउलोमा उत्पादन हुने दैनिक १५ हजार मेटन फोहर, जैविक फोहरको व्यवस्थापन गर्न २००६ देखि ल्यान्डफिल ग्याँस इनर्जी परियोजना लागू गरेर ल्यान्डफिलबाट निस्कने ग्याँसबाट १.५४ मेगावाट क्षमताको १६ वटा इन्जिन सञ्चालन गर्ने गरेको पाइन्छ। बङ्गलादेशले कम्पोस्टिङमा जोड दिंदै आएको छ ।

बाहिरको कुरा पछि गरौं अब आफ्नै देश नेपालको कुरा । धनकुटा नगरपालिका सम्भवतः १० वर्ष अगाडि नै नेपालको सबैभन्दा सफा शहरको रूपमा पुरस्कृत भइसकेको छ । यसले सल्लेरीको जङ्गलमा कम्पोस्टिङ गर्नुका साथै त्यहाँ उत्पादित प्राङ्गारिक मल आफैंले व्यवस्थापन गर्ने पार्कमा प्रयोग गर्ने गरेको छ । त्यसै गरी इलाम क्षेत्रका केही नगरपालिकासमेत गरी प्युठान र दार्चुलाले पनि यो प्रणाली प्रयोगमा ल्याइसकेको छ। रूपन्देहीको तिलोत्तमाले कम्पोस्टिङ र उपत्यकाको गोकर्णेश्वरले त झन् इन्सिनरेटर नै प्रयोग गरेर व्यवस्थापन गरिरहेको अवस्थामा हाम्रो राजधानीमा फोहर व्यवस्थापनको जर्जर अवस्था हेर्दा दुःख लाग्छ। सबै प्रकारले सम्पन्न महानगरले भएको स्रोत समेतको सदुपयोग नगरी जनतालाई दुःख दिने मनसाय (saddist Attitude) भएको बुझ्न सकिन्छ। यसो नहुँदो हो त स्वतन्त्र नवनिर्वाचित मेयरले पद बहाली गर्नासाथ पाइपमात्रै फेरेर ब्रुमर सञ्चालन हुन थालेको छ, फोहर उठ्न थालेको छ र डम्पिङ साइटबाट उत्पन्न दुर्गन्ध नियन्त्रण गर्न जैविक प्रक्रियासमेत शुरू भएको छ। त्यसैगरी टेकुमा प्रयोगविहीन अवस्थामा रहेको फोहरबाट बिजुली निकाल्ने, बन्द अवस्थामा रहेको प्लान्टसमेत चल्ने भएको छ। देश-विदेश बरालिंदा के कुरा स्पष्ट हुन्छ भने जहाँ चाह वहाँ राह। चाहेपछि गर्न सकिंदो रहेछ। अब कुरा गरौं नेपाल तराईकै एकमात्र महानगर वीरगंजको। महानगर भएर पनि जनसङ्ख्याबाहेक अन्य कुनै मापदण्ड पूरा नगरेको हामी कर भने महानगरकै बुझाउँछौं। न पार्क, न सार्वजनिक शौचालय, न पशु वधशाला न उपयुक्त तरकारी बजार (मीनाबजारबाहेक) भइकन पनि हामी महानगरवासीको रूपमा गौरवान्वित भएकोमा बधाई र धन्यवाद दुवै हामी आफैंले दिनुलिनुपर्ने भएको छ। तर यसो भन्दैमा केही पनि नभएको चाहिं होइन। खास गरेर आफ्नो यस आलेखको सम्बन्धमा कुरा गर्दा वीरगंज महानगरले फोहर व्यवस्थापनमा दुईवटा महत्त्वपूर्ण कार्य गरेको छ। पहिलो त योजनाको विश्वकै अनुपम उदाहरणको रूपमा शौचालयको फोहर सङ्कलन गर्ने नालाको प्रणाली नै नभएको शहरमा यसको अत्याधुनिक फोहर प्रशोधन केन्द्र बनाएर एडिबीको सहयोग रहेको भनिएको यस योजनाले वीरगंज महानगरको मात्र होइन एडिबीकै कार्य दक्षतामाथि प्रश्नचिह्न खडा गरेको छ। आउँदो दश-बीस वर्षमा हाम्रो महानगरले शौचालयको फोहर प्रशोधन केन्द्रसम्म पुऱ्याउने व्यवस्थापन गर्ने कुरा अकल्पनीय भएकोले नवनिर्वाचित मेयरलाई विज्ञहरूबाट अध्ययन गराई यस केन्द्रलाई नालाको पानी प्रशोधन गर्ने केन्द्रमा रूपान्तरित गर्न सके श्रीसिया नदीलाई सफा राख्न ठूलो मदत हुने सक्ने देखिन्छ। दोस्रो हो फोहर प्रशोधन केन्द्र। यो भने वास्तवमा प्रशंसायोग्य छ । जसमा जैविकको कम्पोस्टिङ र अजैविक सङ्कलन गर्ने गरिएको छ तर यस प्रशोधन केन्द्रको सञ्चालन राम्ररी र प्रभावकारी तरीकाले भएको भए पनि प्राप्त केही जानकारीले भने 'फोहरबाट मोहर' बनाउने अवधारणा 'मोहरबाट फोहर' बनाउनेमा रूपान्तरित गरिएकोजस्तो लाग्छ ।

वीरगंज महानगरपालिकाले हालै जारी गरेको श्वेतपत्र अनुसार महानगरले सरसफाइ शुल्कबापत घर, व्यवसाय, होटल, अस्पताल, कलेज तथा अन्य संस्थाबाट उठाउँदै आएको वार्षिक रु १२ लाखबाट ५० प्रतिशत अर्थात् ६ लाख ठेकेदारले पाउने गरेको छ। यसका साथै घरबाट निस्कने फोहर सङ्कलन केन्द्रसम्म पुऱ्याउन बेग्लै र सङ्कलन केन्द्रबाट प्रशोधन केन्द्रसम्म ढुवानी मात्रै गर्न दुईवटा बेग्लाबेग्लै सम्झौता भएको छ जस अनुसार महानगरले घरको फोहर परियोजनासम्म पुऱ्याउन प्रतिकिलो ५ रुपियाँ ४२ पैसा भुक्तानी गर्नुपरेको छ भने परियोजनाबाट वार्षिक १८ करोड सङ्कलन हुने प्रक्षेपण गरिएको भए पनि प्लास्टिकजन्य फोहर र कम्पोस्टसमेतको बिक्रीबाट जम्मा ५२ लाख मात्र आम्दानी हुने देखिन्छ ।

शौचालयको पानी प्रशोधन केन्द्रको अवस्थासमेत बेहाल छ। यस्तो अवस्थाबाट महानगरलाई उन्मुक्ति दिन यस्तो ठेक्का, कानूनी प्रावधानले मिल्ने भए खारेज र सो नभए नवीकरण नगरी समाप्त गर्नु नै न्यायोचित हुने देखिन्छ। तर यो समाप्त गर्नासाथ फेरि फोहर व्यवस्थापनको समस्या खडा हुने भएकोले महानगरले हेटौंडा उपमहानगरपालिकामा जापानी प्रविधि प्रयोग गरेर फोहरबाट कम्पोस्ट मल, बिजुली र सिमेन्ट बनाउन प्रयोग हुने क्लिङ्कर उत्पादन गरी जापानलगायत अन्य देशमा निर्यात भइरहेको सम्बन्धमा प्रकाशित समाचारबारे बुझ्न एउटा टोली नै गठन गरेर अध्ययन गराउनु उचित होला जस्तो लाग्छ । अध्ययन टोलीको प्रतिवेदनको आधारमा महानगरले आफ्नो स्रोत र साधन हेरी कार्य अगाडि बढाउन सक्छ । त्यसैगरी शौचालयको पानी प्रशोधन गर्ने केन्द्रमा समेत एक करोड लिटर शौचालयको पानी पुग्ने गरी व्यवस्था नभएसम्म नालाको पानीको उपचार सम्भव छ-छैन अध्ययन गराउन सकिन्छ। यो सम्भव छ भने शौचालय र नालाको पानी मिश्रण गरी त्यो प्रशोधन केन्द्र निरन्तर चलाउन सकिने छ । अहिलेसम्म महानगरले मोहरबाट फोहरको व्यवस्थापन गर्दै आएकोमा नयाँ प्रमुखको नेतृत्वमा महानगरले फोहरबाट मोहरमा रूपान्तरित हुन सकोस् भन्ने हामी सबै वीरगंजवासीको सदिच्छा छ ।

# क्षयरोग रणनीतिक योजना : मृत्युदर ६० प्रतिशत घटाइने

काठमाडौं, २८ असार/रासस

आर्थिक वर्ष २०९१/९२ सम्म क्षयरोगको अन्त्य गर्ने योजनासहित पञ्चवर्षीय योजना सार्वजनिक गरिएको छ । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भवानीप्रसाद खापुङले राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रले आयोजना गरेको कार्यक्रममा 'क्षयरोग अन्त्यको राष्ट्रिय रणनीतिक योजना २०७८/७९ देखि २०८२/८३' सार्वजनिक गरेका हुन् । रणनीतिक योजनामा आव २०९१/९२ सम्म क्षयरोगको अन्त्य र आव २१०६/०७ सम्ममा क्षयरोग निवारण गर्ने लक्ष्य लिइएको छ ।




तस्वीरः रासस

केन्द्रका निर्देशक डा सञ्जयकुमार ठाकुरले क्षयरोग सामाजिक रोग भएकोले सबैले मिलेर अन्त्य गर्नुपर्ने बताए । उनले क्षयरोगको कारणले परिवारमा पर्ने अधिक आर्थिक व्ययभार पनि शून्यमा झार्ने गरी रणनीतिक योजना ल्याइएको जानकारी दिए ।

रणनीतिमा आवमा २०८२/८३ सम्म क्षयरोगका नयाँ बिरामी दरमा २४ प्रतिशतले कमी ल्याउने लक्ष्य राखिएको छ। उनका अनुसार रणनीतिक योजनामा आर्थिक वर्ष २०८२/८३ सम्म प्रतिलाख जनसङ्ख्यामा १८१ जना क्षयरोगका बिरामी झार्ने लक्ष्य लिइएको छ। आर्थिक वर्ष २०७७/७८ मा प्रतिलाख जनसङ्ख्यामा २३८ जना क्षयरोगका बिरामी रहेका छन् ।

योजनामा क्षयरोगबाट बिरामी भई मृत्यु हुने दर ६० प्रतिशतले घटाउने लक्ष्य लिइएको छ। यस्तै, रणनीतिक योजनामा २०८२/८३ मा प्रतिलाख जनसङ्ख्या २३ जना मृत्युदर झार्ने तयारी गरिएको छ। २०७७/७८ मा प्रतिलाख जनसङ्ख्यामा ५८ जना मृत्युदर रहेको छ ।

यस्तै, क्षयरोगका बिरामीमा एचआइभी परीक्षण शतप्रतिशतमा पुऱ्याउने लक्ष्य लिइएको छ। अहिले ६९ प्रतिशतमा मात्र एचआइभी परीक्षण भएको छ। केन्द्रका निर्देशक डा ठाकुरले क्षयरोगलाई रणनीतिक योजना अनुसार काम गर्दै जाने र सन् २०५० सम्म नेपाललाई क्षयरोगमुक्त घोषणा गर्ने सरकारको लक्ष्य रहेको बताए ।

उनले रणनीतिक कार्ययोजनासहित क्षयरोगको पहिचान, निदान तथा समयमा नै उपचार गर्न समुदायस्तरसम्म सक्रिय खोज पडताल गर्नुपर्ने बताए । उनका अनुसार गत वर्ष सात हजार क्षयरोगका बिरामी फेला परेका थिए भने यस वर्ष १० हजार फेला परेका छन् । मन्त्री खापुङले रणनीतिक योजना अनुसार पाँच वर्षमा उल्लेखनीय मृत्युदर घटाउनुपर्ने बताए। उनले रणनीतिमा भएको लक्ष्य पूरा गर्नका लागि प्रत्येक वर्ष र प्रत्येक महीना के के गर्न सकिन्छ भनेर कार्ययोजना बनाएर काम गर्नुपर्ने बताए।

उनले अझ पनि धेरै क्षयरोगका बिरामी उपचारभन्दा बाहिर रहेकाले पत्ता लगाइ उपचार गर्नुपर्ने बताए । सचिव डा रोशन पोखरेलले पाँच वर्षसम्म योजना अनुसार काम गरेर क्षयरोगका बिरामी घटाउनुपर्ने बताए। उनले क्षयरोगले धेरै नै आर्थिक व्ययभार बढ्ने गरेको उल्लेख गर्दै योजना अनुसार काम गर्न नसके मुलुक आर्थिकरूपमा धराशयी हुने बताए।

मन्त्रालयका प्रमुख विशेषज्ञ डा श्यामसुन्दर यादवले क्षयरोगका बिरामी पत्ता लगाउन सके क्षयरोग नियन्त्रण गर्न सकिने बताए । स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले वडास्तरमा गएर क्षयरोगका बिरामी पत्ता लगाउनुपर्ने बताए। उनले योजनाले तय गरेको क्रियाकलाप अनुसार सबै स्थानीय तहलाई क्षयरोगरहित बनाउनुपर्ने बताए ।

नेपालमा अहिले २६ हजार ६७७ क्षयरोगका बिरामी राष्ट्रिय क्षयरोग कार्यक्रममा दर्ता गरिएका छन् ।

यस्तै, नेपालमा प्रत्येक वर्ष ६९ हजार नयाँ क्षयरोगका बिरामी हुने अनुमान गरिए पनि अझ ४१ हजार ५०० बिरामी पत्ता लगाउन नसकिएको केन्द्रका निर्देशक डा ठाकुरले जानकारी दिए। नेपालमा प्रत्येक वर्ष १६ हजार मानिस क्षयरोगका

(बाँकी अन्तिम पातामा)

[redacted]र्पेत रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# वीरगंजका विद्यालयमा गर्मीको बिदा

प्रस, वीरगंज, २८ असार/

वीरगंज महानगरपालिका अन्तर्गतका विद्यालयहरू भोलि असार २९ गतेदेखि आइतवार खुल्नेगरी बन्द गरिएका छन्।



तस्वीरः प्रतीक

महानगरका शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्द कर्णले मङ्गलवार सूचना प्रकाशित गर्दै असार ३१ गतेसम्म तीन दिन अत्यधिक गर्मीका कारण विद्यालय बन्द गरिएको जानकारी गराए। उनले अत्यधिक गर्मी बढेकोले बालबालिकामा स्वास्थ्यसम्बन्धी प्रतिकूल असर पर्ने कुरालाई मध्यनजर गरी तीन दिनका लागि महानगरभित्रका विद्यालयहरू बन्द गरिएको जानकारी गराए। असार ३२ गते शनिवार परेकोले महानगरका विद्यालय अब आइतवार मात्र खुल्ने भएका छन्।

# जसपा फूटको सङ्घारमा

प्रस, वीरगंज, २८ असार/

जनता समाजवादी पार्टी (जसपा) फुटको सङ्घारमा पुगेको छ।



जसपाका अध्यक्ष उपेन्द्र यादवलाई सिमरा विमानस्थलमा स्वागत गरिंदै।

पार्टी अध्यक्षद्वय उपेन्द्र यादव र बाबुराम भट्टराईबीच तालमेल नमिलेपछि पार्टी फुटको सङ्घारमा पुगेको हो।

भट्टराई पक्षले कार्यकारिणी समितिको बैठक मङ्गलवार काठमाडौंमा आयोजना गरेको छ भने यादव पक्षले भोलि बुधवार वीरगंजमा कार्यकारिणी समितिको बैठक डाकेको छ।

बैठकका लागि पार्टी अध्यक्ष यादवसहितका पदाधिकारी सदस्यहरू मङ्गलवार वीरगंज आइपुगेका छन्।

काठमाडौंमा २८ र २९ गते दुई दिन कार्यकारिणी समितिको बैठक हुन्छ भने वीरगंजमा असार २९ र ३० गते दुई दिनको लागि बैठक डाकिएको छ। ४९९ जना केन्द्रीय कमिटी सदस्यमध्ये काठमाडौंको बैठकमा २३० जना र ३२ जना कार्यकारिणी सदस्यमध्ये आठजनाको सहभागिता रहने स्रोतले जनाएको छ।

वीरगंजमा भने बहुमत सदस्यहरूको सहभागिता रहने बताइएको छ।

# कालानिमक धान संरक्षणमा जुटे किसान

सिद्धार्थनगर, २८ असार/रासस

तराईका जिल्लामा रोपाइँ हुने गरेको कालानिमक धानको संरक्षणमा लुम्बिनीका किसान जुटेका छन्। मीठो बास्ना र स्वादिलो चामलको रूपमा रहेको अन्य चामलभन्दा तेब्बर मूल्य पर्ने यो धानको उत्पादनमा बढी ध्यान दिनुपर्छ।

पछिल्लो समय स्थानीय किसान उक्त धान रोपाइँमा लालायित देखिन थालेका छन्। बौद्धकालीन संस्कृतिसँग ऐतिहासिक साइनो जोडिएको उक्त धानको प्रचारप्रसारमा स्थानीय युवा चन्द्र पाठक, अर्जुन कुर्मीले अभियान नै चलाएपछि यसको महत्त्व बुझेर लुम्बिनीका किसान उक्त धान लगाउन थालेका हुन्।

लुम्बिनीका सत्यदेव पाठकले आफूले जानेदेखि उक्त धान रोपाइँ गर्दै आएको बताए। स्थानीय जातको यो धानलाई परम्परागतरूपमा नै किसानले लगाउँदै आएको र यसको वैज्ञानिक परीक्षणसमेत नगरिंदा कालानिमक धान लोप हुने अवस्थामा पुगेको थियो। कम खर्चमा बढी उत्पादन हुने हाइब्रिड धानखेतीप्रति किसानको बढ्दो आकर्षणका कारणसमेत कालानिमक धान विस्थापित हुँदै गएको किसान राम उजागिर पाण्डेले बताए।



तस्वीरः रासस

राज्यले लोपोन्मुख धानको संरक्षण गरी पर्यटनसँग जोडेर काम गर्नुपर्ने पाठकले बताए। परम्परागत भएकोले अहिलेका युवा पुस्तामा कालानिमक धानको संरक्षण गर्ने दायित्व रहेको युवा किसान मुरलीकुमार कहारले बताए। यो धानलाई पानी धेरै चाहिने भएकोले सिंचाइको व्यवस्था भएको खेतमा मात्र लाउन सकिन्छ। फल्न बढी समय लाग्ने, कम उत्पादन हुनेलगायत समस्याले गर्दा अहिले किसानले यो धान लाउन छाडेका छन्।

लुम्बिनीमा लगाइएको यो धानले सारस संरक्षणमा पनि योगदान दिएको छ। एक अध्ययनले यसको चामलमा पर्याप्त मात्रामा भिटामिन पाइने देखाएको छ। शाक्यवंशीय राजा शुद्धोधनले राजकीय धानको रूपमा कालानिमक धानलाई स्थापित गर्ने गरेका थिए। बौद्ध जातक अनुसार राजा शुद्धोधन सबैभन्दा अघि सुनको हलो, त्यसपछि मन्त्री चाँदीको हलो र अन्तिममा जनता काठको हलो लिएर कालानिमक धान रोपाइँ गर्ने गर्दथे। आजकल यो धान भने दुईचार किलो भए पनि घरमा राख्ने र विशेष अवसरमा पकाउने परिकारको रूपमा लिने गरिन्छ।

# पोखरीमा डुबेर दुईजनाको मृत्यु

राजविराज, २८ असार/रासस

सप्तरीका छुट्टाछुट्टै ठाउँमा मङ्गलवार पोखरीमा डुबेर दुईजनाको मृत्यु भएको छ। जिल्लाको कञ्चनरूप नगरपालिका–५ पिपरापूर्वस्थित पोखरीमा डुबेर एक किशोरीको ज्यान गएको छ।

अत्यधिक गर्मी भएपछि साथीहरूसँग पोखरीमा नुहाउन गएकी स्थानीय जीवन सदाकी १३ वर्षीया छोरी सेलरी सदाको पोखरीमा डुबेर मृत्यु भएको इलाका प्रहरी कार्यालय, कञ्चनपुरले जनाएको छ।

त्यस्तै, जिल्लाको डाक्नेश्वरी नगरपालिका–५ मुसहरीको पोखरीमा डुबेर एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा स्थानीय लुराइ सदाका ३० वर्षीय छोरा रामउदगार सदा रहेको प्रहरीले जनाएको छ। शव परीक्षणका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा पठाइएको प्रहरीले जनाएको छ।

# उत्पादन घट्ने चिन्तामा किसान

महोत्तरी, २८ असार/रासस

समयमा राम्ररी खेती लाउन नपाएपछि महोत्तरीका किसान यसपालि धान उत्पादन घट्ने चिन्ताले पिरोलिएका छन्। बीउ, मलको अभाव र समयमा रोपाइँ सक्न नपाएपछि किसानलाई उत्पादन घट्ने चिन्ता परेको हो।

जेठ २२ भित्र ब्याड राखिसकेर असारको अन्ततिर रोपाइँ सकिए अपेक्षित उत्पादन हुने किसान बताउँछन्। "जेठको तेस्रो साताभित्र ब्याड राख्न सकिएर त्यो बीउ असारभरिमा रोप्न पाए समयको खेती हुन्थ्यो," जिल्लाको भङ्गाहा–५ सिद्धपुरका ६० वर्षीय किसान बेचन मण्डल भन्छन्, "समयमा रोपिएको धानमा पानी, मल र गोडमेलको चाँजो ठीकठीक मिले धान राम्रो फल्छ।" तर यसपालि शुरूमा बीउ, मल नपाइनुले रोपाइँ धकेलिएर सबै खेतमा धान रोप्न नसकिने छाँटले उत्पादन घट्ने चिन्ता परेको मण्डल बताउँछन्।

जिल्लामा परम्परागत रैथाने धान भदौ–१५ सम्म खरूवन रोप गर्दा पनि धेरथोर उत्पादन हुने गरेको यहाँका किसान विगत सम्झन्छन्। तर दुई दशकयता रैथाने धानको बीउ नै लगभग मासिएको हुँदा विकासे जातका धान असारभरि शाहीरोप (बीउरोप) र साउनभरिमा खरुवन (कलम, पहिलोपटक रोपिएको बीउको रोपो गाँजिएपछि त्यो उखालेर रोपिने बेर्नालाई खरुवन भनिन्छ) रोपिसके मात्र धान राम्रो फल्ने किसानको अनुभव छ।

"विकासे जातका धान कात्तिकमैं पाक्ने हुन्, त्यसैले खरुवनकै रोप पनि साउन २२ भित्र सक्नुपर्छ," बेचनकै छिमेकी परेखन सादा भन्छन्, "यसपालि त असार सकिनै लाग्दासम्म बीउकै रोप एक तिहाइ सकिएको छैन, के गर्ने होला?" धान सामान्यतया बीउ रोपकै खेती भएपनि कहिलेकहिले बीउ राम्ररी नउम्रने, नसप्रिने र बाढीकटानले क्षति गर्ने हुँदा खरुवनले काम चलाउनुपरेको किसान बताउँछन्।

जिल्लामा चरण क्षेत्र मासिएर पशुपालन घट्दै गएपछि रासायनिक मलमा निर्भरता बढ्दैछ। खेतीका बेला मल नपाएर राम्ररी खेती लाउन नपाइएको किसान बताउँछन्। यसपालि धान लगाइने जम्मा खेतको एक तिहाइ क्षेत्रफलको पनि रोपाइँ अहिलेसम्म नसकिंदा उत्पादनमा असर पर्ने बर्दिबास–९ पशुपतिनगरका किसान रामचन्द्र महतो बताउँछन्।

जिल्लामा करीब ७० हजार खेतीयोग्य जग्गामध्ये लगभग ५० हजार हेक्टर धानखेतीका लागि उपयुक्त मानिन्छ। जिल्लाको कुल खेतीयोग्य जग्गामध्ये १० प्रतिशतमा मात्र स्थायी सिंचाइ (कुलो/नहर)को प्रबन्ध छ।

जिल्लास्थित कृषि ज्ञान केन्द्र, महोत्तरीका कृषिविज्ञ भने हालसम्म ३३ प्रतिशत मात्र रोपाइँ सकिएको भएपनि अत्तालिनुपर्ने अवस्था नभएको बताउँछन्। यसपालि किसानले बीउ ढिलो राखेका हुँदा बेर्ना साउन १५ सम्म नबुढिने वरिष्ठ कृषि विकास अधिकृत डा रामचन्द्र यादव बताउँछन्। "नबुढिएको बीउ (बेर्ना) साउन १५ सम्म रोप्दा हुन्छ, त्यसपछि बीउ अपुग हुँदा खरुवन लगाउन सकिन्छ," डा यादव भन्छन्, "अहिले नै आत्तिनुपर्दैन, बीउ रोप्दै जाँदा हुन्छ, साउन १५ सम्मको बीउ रोपले राम्रै उत्पादन दिन्छ।"

किसानले आफ्नै रेखदेखमा बीउ धान पनि उत्पादन र भण्डारण गर्न सक्ने डा यादवको भनाइ छ। "किसानले कृषि प्राविधिकको रेखदेख र सल्लाहमा रैथाने जातका धान र अन्य विकासे जातका पनि आफैं बीउ धान उत्पादन र भण्डारण गर्न सक्छन्, अब हामी किसानलाई यो सल्लाह दिन्छौं।" बीउ आफैं उत्पादन र भण्डारण गर्न सके बजारको कमसल बीउबाट नठगिने र उत्पादन पनि राम्रो हुने डा यादवको भनाइ छ।

किसानले आफ्नै वरपरका सड्ने, गल्ने झारपात, गाईवस्तुको गोबर खाल्डामा राखेर बनाउने कम्पोस्ट मल अत्यन्त उर्वर हुने कृषिविज्ञ बताउँछन्। "मल पाएन भनेर रोइकराइ गरेर के गर्नु? हाम्रो उत्पादन छैन, अरू देशकै भर हो, त्यसैले किसान आफैंले मल बनाउने तत्परता देखाउनुपर्छ," डा यादव भन्छन्, "आफैंले बनाएको कम्पोस्ट मलले जग्गाको उर्वरा शक्ति पछिसम्म कायम राख्छ।"

यसबाहेक मधेसमा धान रोपिनुअघि ढैंचा (मलका रूपमा लगाइने वनस्पति) लगाएर खेतमैं सडाउन सके राम्रो मल हुने डा यादवको भनाइ छ।



**नमोबुद्धको चैत्य** : काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका वडा नं ११ स्थित ऐतिहासिक एवं धार्मिक क्षेत्र नमोबुद्धमा रहेको मुख्य छ्योर्तेन (चैत्य)। पछिल्लो समय यो क्षेत्र पर्यटकको लागि आकर्षणको केन्द्र बन्दै गएको छ। तस्वीरः रासस

# असार लागेसँगै ९४ अर्बले बढ्यो वाणिज्य बैंकको निक्षेप

काठमाडौं, २८ असार/रासस

तरलताको अभाव रहेको भनिएका बैंक तथा वित्तीय संस्थामा पछिल्ला दिनमा उल्लेख्य सुधार देखिएको छ। वाणिज्य बैंकको निक्षेपमा सुधार देखिएपछि त्यसको प्रभाव पनि सकारात्मक परेको छ। गत जेठ महीनाको तुलनामा असार महीना लागेसँगै वाणिज्य बैंकको निक्षेप सङ्कलन रु ९४ अर्बले बढेको पाइएको छ।




तस्वीरः फाइल

नेपाल बैंकर्स सङ्घका अनुसार गत जेठ महीनामा वाणिज्य बैंकको कुल निक्षेप रु ४४ खर्ब रहेकामा असार २४ गतेसम्म रु ४४ खर्ब ९४ अर्ब पुगेको हो। पछिल्लो समय निरन्तररूपमा घटेको निक्षेप असार महीना लागेसँगै केही सुधार देखिएको छ। सङ्घको तथ्याङ्क अनुसार असार पहिलो साता वाणिज्य बैंकको निक्षेप सङ्कलन (३ गते) रु ४३ खर्ब ९४ अर्ब, असार दोस्रो साता (१० गते) रु ४३ खर्ब ९८ अर्ब र असार तेस्रो साता (१७ गते) रु ४४ खर्ब ३२ अर्ब रहेको थियो।

असार महीनामा निक्षेपमा सुधार आए पनि कर्जा लगानी भने घटेको छ। गत जेठ महीनाको तुलनामा असारको २४ गतेसम्म रु १९ अर्बले कर्जा लगानी घटेको हो। गत जेठ मसान्तसम्म कुल रु ४१ खर्ब ९३ अर्ब कर्जा लगानी गरेका बैंकले असार चौथो सातासम्म कुल रु ४१ खर्ब ७४ अर्ब मात्रै कर्जा लगानी गरेका हुन्।

यस्तै, एक सातामा वाणिज्य बैंकको कर्जामा रु दश अर्ब गिरावट देखिएको छ। असार १७ गतेसम्म रु ४१ खर्ब ८४ अर्ब कर्जा लगानी रहेकामा असार २४ गतेसम्म रु ४१ खर्ब ७४ अर्ब पुगेको हो। यस्तै, वाणिज्य बैंकको कर्जा–निक्षेप अनुपात (सिडी रेसियो) पनि घट्दै गइरहेको छ। असार २४ गतेसम्म वाणिज्य बैंकको औसत सिडी रेसियो ८८.५७ प्रतिशत पुगेको हो।

# भरतपुरका ज्येष्ठ पत्रकारलाई मासिक भत्ता

चितवन, २८ असार/रासस

भरतपुर महानगरपालिकाको सहयोगमा यहाँका ज्येष्ठ पत्रकारलाई मासिक भत्ता दिन शुरू गरिएको छ। महानगरले उपलब्ध गराएको रु २० लाखको अक्षयकोषबाट भत्ता दिन शुरू गरिएको हो।

सो कोषमा नेपाल पत्रकार महासङ्घ चितवन शाखाले रु एक लाख थप गरी भत्ता वितरण थालिएको हो। कोषका लागि भरतपुर महानगरपालिकाले मङ्गलवार रकम हस्तान्तरण गरेको छ। महानगर प्रमुख रेणु दाहालले महासङ्घका अध्यक्ष नारायण अधिकारीलाई सो रकम बराबरको चेक हस्तान्तरण गरेकी हुन्।




तस्वीरः रासस

महासङ्घले कोषमा जम्मा गर्नुपर्ने रकमबाट गत वैशाखदेखि असारसम्म तीन महीनाको चारजना पत्रकारलाई मासिक रु चार हजारका दरले हुन आउने रु १२ हजार जनही वितरण गरिएको छ। योग्यता पुगेका एकजना नेपालबाहिर रहेकाले पछि सो रकम हस्तान्तरण गरिने महासङ्घले जनाएको छ। महासङ्घ र महानगरपालिका मिलेर भरतपुर महानगर ज्येष्ठ पत्रकार निवृत्तिभरण कार्यान्वयन कार्यविधि २०७८ बनाइ सो कार्यविधि अनुसार कोष स्थापना गरी प्राप्त ब्याजबाट भत्ता वितरण शुरू गरिएको हो। कार्यविधि बनाएर काम अघि बढाएको महानगरले जनाएको छ।

लाभग्राही पत्रकार थपिएसँगै स्वतः महानगर र महासङ्घले कोषमा रकम थप गर्ने गरी कार्यविधि बनाइएको छ। कोष सञ्चालनका लागि महासङ्घका पदाधिकारी र महानगरका कर्मचारी रहेको पाँच सदस्यीय सञ्चालक समिति रहेको छ। रकम हस्तान्तरण गर्दै प्रमुख दाहालले महासङ्घसँग सहकार्य विगतमा झैं आगामी दिनमा पनि गर्दै जाने बताइन्। उमेर घटाउने र कोषलाई वृद्धि गर्दै लग्ने विषयमा महानगरले छलफल गर्ने उनको भनाइ छ। उनले नेपालमैं पहिलोपटक पत्रकारिता क्षेत्रमा नमूना कार्य गरिएको बताइन्।

महासङ्घले अघि बढाएको पत्रकार तालीम केन्द्रका लागि महानगरले दुई कट्ठा जमीन संरक्षणका लागि दिएको भन्दै उनले तालीम केन्द्रका लागि आवश्यक रकम उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरिन्। यससँगै लेखनवृत्ति, क्षमता अभिवृद्धिलगायतका कार्यमा महानगरले सहकार्य गर्ने उनको भनाइ छ। प्रमुख भएसँगै अघिल्लो कार्यकालमा पत्रकारिता क्षेत्रलाई प्रवर्द्धन हुनेगरी विभिन्न कार्यक्रम अघि बढाएको उनले बताइन्।

सोही अवसरमा उपप्रमुख चित्रसेन अधिकारीले नेपालमैं महानगरले महासङ्घसँग सहकार्य गरेर अनुकरणीय काम अघि बढाएको बताए। यसबाट दुई संस्थाबीचको सहकार्य थप मजबूत हुने उनको भनाइ छ। महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबन्धु सुवेदीले महानगरले सबै प्रक्रिया पूरा गरेर महासङ्घसँग सहकार्य गरी भत्ता वितरण कार्यका लागि कोषमा जम्मा हुने गरी रकम वितरण गरेको बताए। नेपाल पत्रकार महासङ्घका केन्द्रीय सचिव सिर्जना अर्यालले देशमा नै नमूना काम यहाँको महासङ्घ र महानगरले गरेको भन्दै प्रशंसा गरिन्।

महासङ्घका अध्यक्ष अधिकारीले संस्थागतरूपमा महासङ्घबाट आएका प्रस्ताव अहिलेसम्म फर्किनु नपरेको भन्दै अब अगाडि सारिएका आयोजनामा सहकार्य गरिदिन आग्रह गरे। सोही अवसरमा ६० वर्ष कटेका ज्येष्ठ पत्रकार रेशम विरही, डिल्लीराम पोख्रेल, मोहन पोख्रेल र महेन्द्रराज श्रेष्ठलाई तीन महीनाको निवृत्तिभरण रकमबापत रु १२ हजारका दरले चेक हस्तान्तरण गरिएको थियो। निवृत्तिभरण रकम बुझ्नेसँगै विरहीले पत्रकारको योगदान हालसम्म राज्यले गर्न नसकेको बताए। यो कार्यको थालनी महत्त्वपूर्ण भएको उनको भनाइ थियो।

भत्ता वितरण कार्यविधि अनुसार महिला, दलित, अपाङ्ग र अल्पसङ्ख्यकका लागि ५५ वर्ष र अन्यको हकमा ६० वर्ष कटेका र २० वर्ष पत्रकारिता गरेका पत्रकारलाई यो कोषबाट भत्ता वितरण गर्ने व्यवस्था रहेको छ। नेपाल सरकारले उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा भत्ता पाउनयोग्य उमेर भएपछि यो कोषबाट भत्ता पाइनेछैन। यससँगै नेपाल सरकारका कुनै पनि निकायका नियमित सुविधा लिनेलाई कोषमा समावेश गरिनेछैन।

## भारी वर्षाको सम्भावना : सतर्क रहन आग्रह

काठमाडौं, २८ असार/रासस

देशभर आंशिकदेखि सामान्य बदली रही देशको पहाडी भूभागका केही स्थानमा र बाँकी भूभागका थोरै स्थानमा मेघ गर्जनसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ। साथै प्रदेश नं १, गण्डकी र लुम्बिनी, सुदूरपश्चिम प्रदेशको एक वा दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको जनाइएको छ।



विभागले प्रदेश नं १, गण्डकी, सुदूरपश्चिम तथा लुम्बिनी प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको सम्भावना रहेकोले पहाडी भूभागमा भूक्षय, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको साथै नदीनाला तथा खहरे खोलामा पानीको सतह बढ्न सक्ने र दैनिक जनजीवन/ यातायात क्षेत्रसमेत प्रभावित हुन सक्ने भएकोले आवश्यक सतर्कता पालन गर्न नागरिकलाई अनुरोध गरेको छ। राति देशभर आंशिकदेखि सामान्य बदली रही देशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना र सुदूरपश्चिम प्रदेशको एक वा दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको बताइएको छ।



**पानीको फोका** : वीरगंज माईस्थानचोकमा पानीको फोका उडाउने खेलौना बिक्री वितरण गर्दै व्यापारी। तराई-मधेसमा लाग्ने मेलाहरुमा यस्ता खेलौनाप्रति बालबालिकाहरु आकर्षित हुने गर्छन्। तस्वीरः पङ्कज श्रेष्ठ

## फरक समाचार

### अमेजन जङ्गलको व्यापक फँडानी

ब्रजीलमा अमेजन जङ्गलको व्यापक फँडानी भएको छ। नेशनल स्पेस रिसर्च एजेन्सी (इनपे) अनुसार यस यस वर्षको पहिलो छ महीनामा नै यहाँ न्युयोर्क



शहरभन्दा पाँच गुना ठूलो क्षेत्र सफाइ भएको छ। यो गत वर्ष यसै महीनामा भएको कटानीको तुलनामा १०.६ प्रतिशत बढी हो।

ब्रजीलको सरकारी तथ्याङ्क अनुसार सन् २०२२ मा जनवरीदेखि जूनसम्म अमेजन जङ्गलको ३,९८८ वर्ग किलोमिटर क्षेत्र फँडानी भएको छ। सन् २०१५ देखि अहिलेसम्म यो कटानीको उच्चतम स्तर हो। इनपेले जङ्गलको कटानीसँग सम्बन्धित आफ्नो डिटेर-बी डेटा सिरिज सङ्कलन २०१५ को मध्यबाट शुरू गरेको थियो।

रिपोर्ट अनुसार यस वर्ष केवल जून महीनामा कटानी ५.५ प्रतिशत बढेको छ र १,१२० वर्ग किलोमिटर इलाका नष्ट गरिएको छ। यो पनि एक महीनामा जङ्गलको कटानीको नयाँ रेकर्ड हो।

रायटर्स अनुसार अमेजन जङ्गल फँडानीबाट यहाँ आगलागीको घटना असामान्य रूपले बढेको छ। यसका साथै आगामी महीनामा यो स्थिति झनै खराब हुन सक्छ। इनपेको रिपोर्टले भनेको छ–पछिल्लो १५ वर्षमा जून महीनामा ब्रजीलको अमेजन जङ्गलमा सबैभन्दा बढी डढेलो लागेको थियो। यद्यपि यो अगस्त र सेप्टेम्बर महीनामा आगलागीको मामिलाको एउटा छोटो अंश हो।

साधारणतया दाउरेहरू दाउरा निकालेपछि जमीन हत्याउनेहरू र किसानहरू त्यस क्षेत्रमा आगो लगाउने गर्छन्, जसले त्यहाँ खेतीपाती गर्न सकियोस्। ब्रजीलका विज्ञहरूले यस कुरालाई लिएर राष्ट्रपति जायर बोल्सोनारोको आलोचना गरेका छन्। उनको नीतिको कारण आज अमेजन जङ्गलको यस्तो अवस्था भएको बताइएको छ।

वुडवेल क्वाइमेट रिसर्च सेन्टर र युनिभर्सिटी अफ अक्सफोर्डमा जङ्गलको आगो र कटानीको शोधकर्ता मनोएला मचाडोको भनाइ छ बढी जङ्गल फँडानी भएको कारण अमेजनमा आगलागी बढिरहेको र आगामी दिनमा यो झनै खतरनाक हुन सक्छ।

अमेजन संसारको सबैभन्दा ठूलो वर्षा वन हो। यसको बढीजसो भाग ब्रजीलमा पर्छ। यहाँ कार्बन ठूलो मात्रामा छ, जसको उत्सर्जन रूख काटेपछि हुन्छ। यसबाट वातावरणमा कार्बन वृद्धि हुने र गर्मी बढ्छ। साथै जलवायु परिवर्तनमा पनि यसले योगदान दिन्छ।

### बियरले पेटमा राम्रो ब्याक्टेरिया बढाउँछ

हरेक दिन एउटा बियर पिउँदा स्वास्थ्य सुध्रिन सक्ने पोर्चुगलको नोभा युनिभर्सिटी लिस्बनका वैज्ञानिकहरूले दाबी गरेका छन्। राति खानासँग बियर पिउँदा पुरुषहरूको पेटमा राम्रो ब्याक्टेरियाको स्तर बढ्ने उनीहरूले बताएका छन्। यो फाइदा अल्कोहोलिक र नन अल्कोहोलिक बियर दुवैबाट हुन्छ।



अध्ययनमा १९ वयस्क पुरुषलाई सहभागी गराइएको थियो र उनीहरूको औसत उमेर ३५ वर्ष थियो। सबैलाई प्रतिदिन चार साताको लागि राति खानासँगै ३२५ मिलिलिटर लेगर पिउन भनियो। लेगर एक प्रकारको बियर हो। प्रतिभागीहरूमध्ये केहीलाई अल्कोहोलिक र केहीलाई नन–अल्कोहोलिक बियर दिइएको थियो। अल्कोहोलिक लेगरमा अल्कोहलको मात्रा ५.२ प्रतिशत थियो। यस्तो बियरलाई स्ट्रङ्ग क्याटगरीमा राखिन्छ। परीक्षणको चार सातापछि पुरुषहरूको मल र रगतको नमूना लिइएको थियो।

जर्नल अफ एग्रीकल्चरल एन्ड फूड केमिस्ट्रीमा प्रकाशित रिसर्चको नतीजाले भनेको छ बियर पिउँदा आन्द्रामा राम्रो ब्याक्टेरियाको मात्रा बढ्छ। यो ब्याक्टेरिया बढेर विविध प्रकारको हुन्छ। यसबाट पूरै पाचन प्रक्रियाको स्वास्थ्य सही हुन्छ।

सधैं बियर पिउँदा वजन वा बडी मास इन्डेक्स बढ्दैन वैज्ञानिकहरूले बताएका छन्। न रगत, मुटु र मेटाबोलिज्मसँग सम्बन्धित समस्या हुन्छ।

वैज्ञानिकको भनाइ छ बियरमा पोलिफेनोल्स नामक कम्पाउन्ड र कुहिने प्रक्रियापछि बन्ने सूक्ष्म जीव हुन्छ, जसले आन्द्रामा राम्रो ब्याक्टेरियालाई बढाउन मदत गर्छ। स्वास्थ्य विज्ञका अनुसार शरीरमा ब्याक्टेरियाको विविध प्रकार हुनु जरूरी छ। यस्तो नभए स्वास्थ्यसम्बन्धी समस्या, जस्तै हृदयरोग र मधुमेहको सामना गर्नुपर्ने हुन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## श्रीलङ्काली राष्ट्रपतिद्वारा राजीनामापत्रमा हस्ताक्षर

कोलम्बो, २८ असार/एएनआई

राष्ट्रपति गोटाबाया राजापाक्षेले भोलिदेखि लागू हुनेगरी पदबाट राजीनामा दिएका छन् । उनले गत सोमवार, राजीनामापत्रमा हस्ताक्षर गरेका हुन् । राष्ट्रपतिको राजीनामाको सार्वजनिक घोषणा भोलि हुनेछ ।



राष्ट्रपति निवासको स्वीमिङ पूलमा पौडिंदै प्रदर्शनकारीहरू । तस्वीरः एपी

राष्ट्रपति गोटाबायाले राजीनामापत्रमा हस्ताक्षर गरेर वरिष्ठ सरकारी अधिकारीलाई हस्तान्तरण गरेका तथा ती अधिकारीले सभामुख सभामुख महिन्दा यापा आबेवर्देनालाई बुझाउने डेली मिररले जनाएको छ । संसद्बाट भोलि उनले गोटाबाया राजापाक्षे देशको राष्ट्रपति नरहेको सार्वजनिक घोषणा गर्नेछन् ।

प्रधानमन्त्री रनिल विक्रमासिङ्घेले भोलि नै अस्थायी राष्ट्रपतिका रूपमा शपथ लिनेछन् । संसद्बाट नयाँ राष्ट्रपति चयन नभएसम्म उनले नै शासन सञ्चालन गर्नेछन् । सभामुखले आगामी साउन ४ गते संवैधानिक प्रावधान अनुसार नयाँ राष्ट्रपति चयन गर्ने निर्णय गरिएको जानकारी राजनीतिक दलका नेताहरूलाई दिएका छन् । राष्ट्रपति पदका लागि साउन ३ गते उम्मेदवारी मनोनयन गरिने छ ।

प्रधानमन्त्री रनिल विक्रमासिङ्घे र विपक्षी दलका नेता सजिथ प्रेमदासा उम्मेदवार बन्ने पुष्टि भइसकेको छ । प्रेमदासाले देशको अर्थतन्त्र पुनर्निर्माण गर्न तयार रहेको जानकारी हिजो दिएका थिए ।

यसअघि प्रधानमन्त्री विक्रमासिङ्घेले पनि पदबाट राजीनामा दिने घोषणा गरेका थिए । राष्ट्रपति र प्रधानमन्त्रीको निवास कब्जामा लिएका आन्दोलनकारीले पदबाट राजीनामा नदिएसम्म त्यहाँबाट बाहिर ननिस्कने स्पष्ट पारेका छन् । शनिवार राष्ट्रपति गोटाबाया देश छाडेर भागेको बताइएको थियो ।



राष्ट्रपति निवासकै सोफामा ढसमस परेर मोबाइल चलाउँदै प्रदर्शनकारीहरू ।

चरम भ्रष्टाचार, गृहयुद्ध, विद्रोह एवं महामारीका कारण केही महीना यता श्रीलङ्काले अकल्पनीय आर्थिक सङ्कटको सामना गरिरहेको छ । आर्थिकरूपमा टाट पल्टिएको श्रीलङ्कामा इन्धनका साथै दैनिक उपभोग्य वस्तुको चरम अभाव छ । बाह्य ऋणको भारीले थिलथिलो भएको टापू राष्ट्रमा नयाँ राजनीतिक नेतृत्वले देशलाई आर्थिक सङ्कटबाट मुक्त गर्न कठोर परिश्रम गर्नुपर्नेछ । रासस

**पूर्वअर्थमन्त्रीको श्रीलङ्काबाट भाग्ने असफल प्रयास**

पूर्वअर्थमन्त्री एवं राष्ट्रपति गोटाबाया राजापाक्षेका कान्छा बासिल राजापाक्षको देशबाट भाग्ने प्रयास असफल भएको छ । सोमवार साँझ उनलाई संयुक्त अरब इमिरेट्सको दुबई जाने हवाइजहाज चढ्न रोकिएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

देशमा जारी चरम आर्थिक सङ्कटका बेला बासिलले श्रीलङ्का छोड्ने प्रयास गरेकोमा त्यसको हवाईजहाजका यात्रीले घोर विरोध गरेपछि अध्यागमन अधिकारीहरूले उनलाई विमान चढ्न नदिएको डेली मिररले छापेको छ ।

यसैबीच राष्ट्रपति गोटाबायाले देश नछाडेको सभामुख महिन्दा यापा अबेवर्देनाले बताएका छन् । शनिवार राजीनामा घोषणा गरेका उनी भागेर तेस्रो मुलुक गएको बताइएको थियो । प्रधानमन्त्री रनिल विक्रमासिङ्घे पनि स्वदेशमैं रहेको दाबी उनले गरेका छन् ।

शनिवार राष्ट्रपति भवनमा प्रवेश गरेका हजारौं प्रदर्शनकारीमध्ये केहीले त्यहाँ क्यारम बोर्ड खेलेको, सोफामा सुतिरहेको, बगैंचामा रमाइलो गरेको र भान्सामा खाना तयार गरेको दृश्यहरू सार्वजनिक भएका थिए । राष्ट्रपति र प्रधानमन्त्रीले पदबाट राजीनामा नदिएसम्म उनीहरूले राष्ट्रपति भवनबाट बाहिर ननिस्कने बताएका छन् । रासस

## जम्मु-कश्मीर सुरक्षा कारबाईमा दुई आतङ्कवादी मारिए

शोपियान, २८ असार/एएनआई

जम्मु-कश्मीरको शोपियान जिल्लाको रेबन क्षेत्रमा हिजो राति आतङ्कवादी र सुरक्षा बलबीच भएको मुठभेड आज पनि जारी रहेको प्रहरीले जनाएको छ । प्रहरी र सेना आतङ्कवादीहरूसँग डटेर मुकाबिला गरिरहेका तथा विस्तृत विवरणको प्रतीक्षा भइरहेको उसले बताएको छ ।

अघिल्लो दिन पनि कैसर कोकाको रूपमा परिचित प्रतिबन्धित जसिह-ए-मोहम्मद (जेएम) आतङ्कवादी सङ्गठनसँग आबद्ध आतङ्कवादी सङ्गठन, अवन्तिपुरामा भएको मुठभेडमा फसेको कश्मीरका अतिरिक्त प्रहरी महानिरीक्षकले बताएका छन् । विशेष सूचनाको आधारमा संयुक्त खोज अभियानमा जुटेका प्रहरी, सेना र सेन्ट्रल रिजर्भ पुलिस फोर्स ( सिआरपिएफ) का जवानबीच भएको भिडन्तमा दुईजना आतङ्कारी मारिएका हुन् ।

संयुक्त सुरक्षा फौजमाथि आतङ्कारीहरूले अन्धाधुन्ध गोली प्रहार गरेपछि भएको जवाफी कारबाईमा उनीहरू मारिएका हुन् । प्रहरी अभिलेख अनुसार मारिएका आतङ्कारीले प्रहरी, सुरक्षा बल र सर्वसाधारणमाथि धेरैपटक घातक हमला गरेका तथा उनीहरूको संलग्नता आतङ्कारी घटनामा रहेको थियो ।

सन् २०१८ देखि सक्रिय रहेको कैसर कोकाका आतङ्कवादीहरू पाकिस्तान गएर हतियार, गोला बारूदको प्रशिक्षण लिएपछि कश्मीर उपत्यकामा प्रवेश गरेर आक्रमण गरेका थिए । मुठभेड स्थलबाट हतियार र गोलाबारुद बरामद भएको छ । रासस

## रूस र टर्कीका राष्ट्रपतिबीच फोनवार्ता

मस्को, २८ असार/सिन्हवा

रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र टर्कीका राष्ट्रपति रिसेप तैयप एर्दोगानबीच फोनवार्ता भएको छ । उनीहरूबीच फोनमा युक्रेनको पछिल्लो अवस्थाबारे कुराकानी भएको बताइएको छ ।

त्यस अवसरमा दुई देशबीचको आपसी सम्बन्ध र सहकार्यबारे कुराकानी भएको समाचारमा जनाइएको छ ।

सोमवार भएको सो कुराकानीमा दुई देशबीच आर्थिक सहयोग र साझेदारीका विषयमा पनि कुराकानी भएको बताइएको छ । युक्रेनको पछिल्लो अवस्थाबारे कुराकानी हुनुका साथै उनीहरूले रूस र युक्रेनको युद्धका कारण भएको खाद्यान्न सङ्कटमा युक्रेन र अरू विश्वका लागि के कसरी खाद्यान्न आपूर्ति व्यवस्थापन गर्ने भन्ने विषयमा पनि कुराकानी भएको बताइएको छ ।

रूसले युक्रेनमा हमला गरेपछि विश्वमैं खाद्यान्न अभाव हुँदै गएको छ । युक्रेनका लागि र युक्रेन भएर हुने खाद्यान्न आपूर्तिका सम्बन्धमा विश्वका विभिन्न देशले यसको विकल्पबारे छलफल गरिरहेका छन् । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – प्रगति | वृष – वादविवाद |
| मिथुन – यात्रालाभ | कर्कट – शत्रुपराजय |
| सिंह – सुसमाचार | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनलाभ |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – धनलाभ | मीन – कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे



सडकमा चौपायालाई छाडा नछोडौं
दुर्घटना हुनबाट जोगाऔं ।

वीरगंज महानगरपालिका कार्यालय


## निजगढ भ्यू टावर वर्षामा हुने सक्ने क्षतिबाट जोगिने आशा

प्रस, निजगढ, २८ असार/

निजगढ नगरको सानको रूपमा लागतमा नगर विकास कोषको लगानीमा निजगढ भ्यू टावर निर्माण गरिएको

तस्वीरः प्रतीक





रहेको निजगढ भ्यू टावर क्षेत्रमा गरिएका संरक्षणका काम अन्तिम चरणमा पुगेपछि भ्यू टावर र सो क्षेत्रमा हुन सक्ने क्षति यसपालि टर्न सक्ने देखिएको छ ।

यस क्षेत्रको संरक्षणमा निजगढ नगरपालिकाले पर्खाल निर्माणलगायतका कामका लागि तीन महीनाअघि करीब रु २० लाखको टेन्डर आह्वान गरे पनि काम भने वर्षायाम शुरू भएर अहिले अन्तिम चरणमा पुगेपछि निजगढ भ्यू टावर पहिरोको जोखिमबाट सुरक्षित हुने आशा जागेको छ ।

गत वर्ष वर्षायाममा संरक्षणको काम गर्दा निर्माण गरिएका केही संरचना पहिरोले भत्काएको थियो ।

भ्यू टावरस्थित चुरे पहाडको भिरालो जमीनमा वर्षायाममा काम गर्दा बनेका संरचना भत्किएर जाने हो कि भन्ने चिन्ताका बावजूद समयले साथ दिएपछि काम अन्तिम चरणमा पुगेको ठेक्का सकार निर्माण कम्पनीले जनाएको छ । स्थानीय निर्वाचन र वर्षायामअघि नै आवश्यक प्रक्रिया पूरा गरी काम शुरू गराउने निजगढ नगरपालिकाको लक्ष्य रहे पनि योजना अनुसार सो काम समयमा शुरू गराउन नसक्दा वर्षायाममा नै सावधानीपूर्वक ठेक्का सकारका सम्पूर्ण काम सम्पन्न गर्न ठेकेदार कम्पनीलाई निजगढ नपाले निर्देशन दिएको सूचना अधिकारी रविन घिमिरेले बताए । ठेकेदारको कामको अनुगमन गर्न निजगढ नपाले प्राविधिकलाई पनि खटाएको छ । केही कामबाहेक महत्त्वपूर्ण काम सकिएको र बाँकी कामलाई पनि समयमा नै पूरा गर्न ठेकेदार कम्पनीलाई भनिरहेको निजगढ नपाका इन्जिनीयर रूपेश यादवले बताए ।

ठेक्का सकार गर्ने कलैयाको श्रीराम कन्स्ट्रक्शनले मूल्य अभिवृद्धि करबाहेक १३ लाख १४ हजार ६१६/५० रुपियाँमा सो निर्माण कार्य गर्न सम्झौता गरेको हो ।

जसमा रिटेनिङ वाल अर्थात् ढुङ्गाको पर्खाल १३९.६६ घनमिटर, पिसिसी ढलान ९८.४१ घनमटिर, ढुङ्गाको सोलिङ ११७ घनमिटर परिमाणको रहेको निजगढ नपाका इन्जिनीयरहरू रूपेश यादव र अशोक कुशवाहले जानकारी दिए । चुरे पहाडमा वर्षायाममा ढुङ्गाको पर्खाल निर्माण गर्दा भारी हुने भएकोले धेरै वर्षाका कारण त्यस क्षेत्रमा पहिरो गई संरचना भत्किन सक्ने जोखिम प्रबल देखिन्छ ।

निजगढ नपा वडा नं ४ बागदेवस्थित निजगढ भ्यू टावरमा पहिरो रोकथामका लागि गत वर्ष १० लाख खर्चे पनि बालुवामा पानी हाले जस्तै भएको थियो । त्यस बेला पनि असारको मध्य वर्षायाममा काम शुरू गरिएकोले भ्यू टावर नै उच्च जोखिममा पर्ने गरी पहिरो जाँदा माथिल्लो रिटेनिङ वाल अर्थात् ढुङ्गाको पर्खाल भत्किएको थियो ।

छ वर्षअघि करीब ५६ लाख रुपैयाँको लागतमा नगर विकास कोषको लगानीमा निजगढ भ्यू टावर निर्माण गरिएको थियो । भ्यू टावर निर्माण गरिए पनि पहिरो रोकथामका कार्यलाई त्यस बेला प्राथमिकतामा राख्न नसक्दा निजगढ भ्यू टावर पहिरोको उच्च जोखिममा परेको थियो ।

चुरे पहाडका अधिकांश भूभाग कमजोर र भूस्खलन हुने पहाडमा पर्ने भएकोले दिगो संरक्षणका काममा लाग्नुपर्ने स्थानीय नागरिक बताउँछन् ।

गत वर्ष सो पार्कमा थप कार्य गर्नका साथै सौन्दर्यीकरण गर्न सङ्घीय सरकारबाट ५५ लाख, प्रदेश सरकारबाट पाँच लाख र निजगढ नगरपालिकाबाट १० लाख गरी कुल ७० लाख रकम प्राप्त भएको थियो ।

यस वर्ष सौन्दर्यीकरणका लागि थप २१ लाख प्राप्त भएपछि अरू कामहरू भएको शहीद हीरालाल पार्क विकास समिति, निजगढ नपा-४ का सचिव अमरलाल सिङ्तानले जानकारी दिए । पार्क संरक्षण र विकासका लागि अहिलेसम्म डेढ करोड बराबरको रकम खर्च भएको अनुमान छ ।

पार्कमा सौन्दर्यीकरणका साथै आकर्षक बनाउन थप रकम आवश्यक पर्ने देखिन्छ । पार्कका लागि सङ्घीय, प्रदेश मन्त्रालय, स्थानीय तहबाट प्राप्त रकमको सही सदुपयोग हुनुपर्ने र आवश्यक थप रकम विनियोजन गरिनुपर्ने शहीदपत्नी गायत्री गौतमको भनाइ छ । यता चुरेमा अवस्थित यस पार्क मधेस प्रदेशकै आकर्षक बनाउन सकिने भएपनि प्रदेश सरकारले भने अहिलेसम्म उचित ध्यान दिएको देखिएको छैन ।


### मोटरसाइकल चोरी भएको सूचना

१५० सिसीको बजाज कम्पनीको चेचिस नं MD2A11CY2LPE48337 र इन्जिन नं DHYRLE51550 भएको प्रदेश२–०३–०१०प १५०० नम्बरको पल्सर मोटरसाइकल बारा, निजगढ नपा वडा नं. २ स्थित घरमा पार्किङ गरिराखेको ठाउँबाटै २०७९/०३/१६ गते बिहीवार करीब ४ बजे बिहान उठेर हेर्दा चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा ९८५५०४४२२२ नम्बरमा खबर गरिदिनुहुन अनुरोध छ । फेला पार्नुहुनेलाई पुरस्कार पनि दिइनेछ ।


## विद्युत् सर्ट हुँदा घरमा आगलागी

प्रस, रौतहट, २८ असार/

रौतहटको देवाही गोनाही नगरपालिका-६ कर्कच निवासी वीरेन्द्र महतो कोइरीको घरमा मङ्गलवार बिहान आगलागी भएको छ । विद्युत् सर्ट भएर भएको आगलागीमा लत्ताकपडा, अन्न जलेर छ लाख ८० हजार मूल्यबराबरको क्षति भएको पीडित परिवारले जनाएको छ ।

प्रहरी र स्थानीय मिलेर आगलागी नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय, देवाही गोनाहीले जनाएको छ ।


उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंज

### चमेनागृह सञ्चालनसम्बन्धी सूचना

प्रथमपटक प्रकाशितः २०७९/०३/२८

यस उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंज परिसरभित्र सञ्चालनमा रहेको चमेनागृहको भौतिक संरचना मर्मतसम्भार गरी थप व्यवस्थितरूपमा सञ्चालन गरी यस अदालतको परिसरमा अदालतका कर्मचारीहरू, सुरक्षाकर्मीहरू, कानून व्यवसायीहरू, चिनीमिलका कर्मचारीहरू, सशस्त्र प्रहरीहरू र सेवाग्राहीहरूलाई गुणस्तरीय खाजा तथा खानाको व्यवस्थापन गर्नुपर्ने भएकोले इच्छुक फर्म वा व्यक्तिहरूले आफ्नो अनुभवसहित सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिनभित्र खाजा र खानाको परिकार र एकाइ अनुसारको वस्तु तथा सेवा के कति दररेटमा उपलब्ध गराउन सकिन्छ दररेटसहितको विवरण खामबन्दी गरी यस अदालतको प्रशासन शाखामा पेश गर्नुहुन सूचित गरिन्छ ।

तपसिल

१. चमेनागृह भवन प्रयोगबापत कुनै शुल्क/भाडा तिर्नु नपर्ने तर मर्मतसम्भारमा लाग्ने खर्चको ५० प्रतिशत खर्च फर्म वा व्यक्ति स्वयम् आफैं बेहोर्नुपर्नेछ ।
२. अदालत र सञ्चालकबीच सम्झौता गर्नुअघि अदालतले तोकिदिए बमोजिम रु १,५०,०००।- (एक लाख पचास हजार) सञ्चालकले धरौटी राख्नुपर्नेछ ।
३. सरसफाइजन्य पानी अदालतले निश्शुल्क उपलब्ध गराउने र पिउने तथा खाजा र खाना पकाउने स्वच्छ पानीको व्यवस्थापन स्वयम्ले गर्नुपर्नेछ ।
४. चमेनागृहको लागि छुट्टै मिटर जडान हुने र मिटर अनुसार उठेको बीलको चमेनागृहको सञ्चालकले बील भुक्तानी गर्नुपर्नेछ ।
५. चमेनागृहको फर्निचर (टेबुल कुर्सी)को व्यवस्थापन अदालतले गर्ने तथा भाँडाबर्तनको व्यवस्थापन सञ्चालक स्वयम्ले गर्नुपर्नेछ ।
६. चमेनागृहबाट उपलब्ध गराइने खाद्य परिकारको परिमाण, गुणस्तर एवं चमेनागृह र वरपरको सरसफाइको स्थितिको बारेमा निरन्तर अनुगमन हुने तथा पूर्वनिर्धारित स्तरको सेवाप्रवाह सन्तोषजनक भएको नपाइएमा जुनसुकै बखत अदालतले सम्झौताका शर्त बमोजिम आवश्यक कारबाई गर्न सक्नेछ ।
७. चमेनागृह सञ्चालक र अत्यावश्यक सहयोगी कर्मचारीहरूको लागि आवश्यक पर्ने प्रवेशपास नियमानुसार अदालतले उपलब्ध गराउनेछ ।
८. खामबन्दी दररेट साथ फर्म दर्ता प्रमाणपत्र, सञ्चालकको नागरिकता र PAN दर्ता प्रमाणपत्र संलग्न गर्नुपर्नेछ ।
९. अन्य कुरा सम्झौता बमोजिम हुनेछ।

सुरेन्द्रप्रसाद यादव (शाखा अधिकृत)

# असारमा रोपाइँ गर्न नपाउँदा किसानहरू चिन्तित

बलिराम शुक्ला, बिरुवागुठी, २८ असार/

पर्साको उत्तरी भेगमा दुई सातादेखि वर्षा नहुँदा आकाशे वर्षाको भरमा धानखेती गर्ने किसानहरू चिन्तित भएका छन् । असार महीनाको अन्तिम लाग्न थाल्दासमेत वर्षा नहुँदा धानखेती गर्न धानको बीउ खसालेका किसानहरू बीउ बूढो भई खेती नहुने हो कि भनी चिन्तित भएका छन् ।


तस्वीरः प्रतीक

असार महीनाको १५ र १६ गते वर्षा भएको तर त्यसपछि असार बित्नै लाग्दासमेत वर्षा भएको छैन ।

दुई साताअघि वर्षा हुँदा धानको बीउ तयारी नरहेको र अहिले बीउ तयारी हुँदा दुई सातादेखि वर्षा नभएको र आकाशे वर्षाको भर पर्दा खेत बाँझै बस्ने हो कि भन्ने चिन्ता बढेको पर्सागढी नगरपालिका वडा नं ३ का किसान सरोज चौधरी गुनासो गर्छन् ।

त्यसैगरी, पर्सागढीकै अर्का किसान कृष्ण पौडेलका अनुसार मानो रोपेर मुरी फलाउने समयमा वर्षा नहुँदा आकाशे वर्षाको भरमा धान रोप्ने किसानहरूलाई 'आकाशको फल आँखा तरी मर्' सरह भएको बताए ।

पर्साको उत्तरी भेगका पर्सागढी नगरपालिकालगायत आसपासका क्षेत्रमा आकाशे वर्षा नहुने हो भने यस वर्ष सयौं बिघा धानखेती योग्य जमीन बाँझो रहने देखिएको छ ।

# परवानीपुरमा सडकको चौडाइ घटाइँदै

प्रस, वीरगंज, २८ असार/

वीरगंज–पथलैया व्यापारिक मार्ग विस्तार आयोजना कार्यालय, पथलैया मातहत निर्माण भइरहेको परवानीपुर–गण्डक चार लेन सडकखण्ड अन्तर्गत परवानीपुर बजारको सडकको चौडाइ घटाउने काम भइरहेको छ ।


परवानीपुर सडकखण्डमा बाङ्गो गरी निर्माण गरिएको नाला । तस्वीरः प्रतीक

परवानीपुरको पुरानो बजार क्षेत्रमा रहेको नूर आलमको घरनजीकै सडकको चौडाइ करीब तीन मिटर घटाएर नाला बाङ्गो गरी निर्माण भइरहेको स्थानीयहरूले बताएका छन् ।

धर्मेन्द्र ठाकुरको डेढ धुर जग्गा बचाउनको लागि आयोजना कार्यालयका इन्जिनीयर सुरेन्द्र साहले जग्गाधनीसँग घूस लिएर यस्तो काम गरेको स्थानीयले आरोप लगाएका छन् ।

जग्गा बचाउन प्राविधिक र ठेकेदारलाई एक लाख घूस दिइएको बताइएको छ ।

यस विषयमा आयोजना कार्यालयका मनीषकुमार साहसँग बुझ्दा आफूलाई जानकारी नभएको र फिल्डमा गएर घटनाबारे छानबीन गर्ने बताए ।

# छात्रवृत्ति वितरणमा ढिलाइ

प्रस, सेढवा, २८ असार/

पर्साको ग्रामीण भेगका सामुदायिक विद्यालयहरूमा यस शैक्षिक सत्रको छात्रा तथा दलित छात्रवृत्ति वितरणमा ढिलाइ भएको छ । विगतका शैक्षिक सत्रमा जेठ महीनामा वितरण हुँदै आएको छात्रवृत्ति यस वर्ष असार महीनाको अन्तिममा पनि कतिपय पालिकाका सामुदायिक विद्यालयहरूमा वितरण भएको छैन ।


तस्वीरः प्रतीक

चालू शैक्षिक सत्र एक महीनाअघि जेठको पहिलो सातादेखि शुरू भएपनि स्थानीय पालिकाले असारको अन्तिममा छात्रवृत्तिको रकम विद्यालयको खातामा नपठाउँदा वितरण हुन नसकेको प्रधानाध्यापकहरूले बताएका छन् । ठोरी गाउँपालिकाका शिक्षा संयोजक भोपाल जोशीका अनुसार रकम ढिलागरी पठाइएका कारण वितरणमा ढिलाइ भएको र अहिले छात्रवृत्ति वितरण भइरहेको बताए ।

यता जीराभवानी गाउँपालिकाका अध्यक्ष अनोज चौधरीले गाउँपालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालत्रमा छात्रवृत्ति वितरण भइसकेको बताए ।

उता जगरनाथपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णराय यादवले कोष तथा लेखा नियन्त्रण कार्यालय, पर्साले ढिलो रकम पठाएकोले वितरणमा ढिलाइ भएको बताए । आज विद्यालयको खातामा रकम आइसकेको र विद्यालयले समय मिलाएर छिट्टै छात्रवृत्ति वितरण गर्ने अधिकृत यादवले बताए ।

शैक्षिक सत्र २०७७ मा कोरोनाको कारण भएको लकडाउनका कारण छात्रवृत्ति वितरण नगरी अधिकांश प्रधानाध्यापकले रकम हिनामिना गरेका थिए ।

# मानव बेचबिखन मुद्दामा घिसिङ पक्राउ

प्रस, वीरगंज, २८ असार/

नेपाली एक चेलीलाई भारतमा बिक्री गर्न लगिरहेको अवस्थामा नेपाल–भारत सीमाबाट एक युवक पक्राउ परेको छ ।



पक्राउ पर्नेमा रामेछाप मन्थली–१४ निवासी ४२ वर्षीय बाबु घिसिङ हुन् । २२ वर्षीया युवतीलाई कोलकातामा काम लगाइदिने र प्रतिमहीना रु ६० हजार दिलाइदिने बहाना बनाएर रक्सौल लगिरहेको अवस्थामा माइती नेपालको टोलीले घिसिङलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

जिल्ला अदालतबाट मानव ओसारपोसार तथा बेचबिखन मुद्दामा पाँच दिनको म्याद थमाइ आवश्यक अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए ।

# करेन्ट लागेर वृद्धको मृत्यु

प्रस, वीरगंज, २८ असार/

करेन्ट लागेर महागढीमाई नगरपालिकामा एकजना वृद्धको मृत्यु भएको छ । वडा नं २ इनर्वा टोल बस्ने ६५ वर्षीय रामाशिषराउत कुर्मीको करेन्ट लागेर मङ्गलवार बिहान मृत्यु भएको हो । खेतमा मोटरबाट पानी लगाउने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल, कलैयामा उपचारको क्रममा मृत्यु भएको हो ।

# घूस लिएको आरोपमा दुईजनामाथि मुद्दा

प्रस, महोत्तरी, २८ असार/

श्रीमावि एकडाराका प्रधानाध्यापक रामदिनेश मण्डल र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विनोद पासवानले घूस लिएको आरोपमा उनीहरूविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ।

सेवाग्राहीसँग ५० हजार घूस लिएको आरोपमा जेठ १९ गते उनीहरू पक्राउ परेको अख्तियारले पुष्टि गरेको छ ।

विद्यालययको खेलकूद मैदान स्तरोन्नतिको काममा अध्यक्ष र प्रधानाध्यापकले ५० हजार घूस लिएको आरोप लगाइएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिबास र टङ्गालबाट खटिएको टोलीले ५० हजार घूस लिइसकेपछि पक्राउ परेका आरोपितद्वयविरुद्ध कारबाईका लागि आज विशेष अदालतमा मुद्दा दायर गरेको हो।

घूस रकम लिएको पुष्टि भएसँगै निजहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, ०५९ को दफा ३ (१) बमोजिमको कसूर भएको हुँदा सोही अनुसार कायम गर्दै विशेष अदालतमा आरोपपत्र दायर गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता श्याम भण्डारीले जानकारी दिए।

# मानव सेवा आश्रमलाई खाद्यान्न सहयोग

प्रस, वीरगंज, २८ असार/

विन्ध्यवासिनी गाउँपालिकाले मानव सेवा आश्रमलाई खाद्यान्न सहयोग गरेको छ । गापाका प्रमुख प्रशासकीय अधिकृत राजु साह, लेखा अधिकृत मिथिलेश कुशवाहालगायतको टोलीले आश्रमलाई चामल, चिनी, तेल, साबुन, सर्फलगायतका सामग्री सहयोग गरेको आश्रमकी संयोजक सानु मानवसेवाले बताइन् । गापाले सामाजिक कार्य अन्तर्गत सो सहयोग गरेको र आगामी आवमा पनि आश्रमको लागि एक लाख बजेट विनियोजन गरिएको प्रमुख प्रशासकीय अधिकृत साहले बताए ।


तस्वीरः प्रतीक

## क्षयरोग रणनीतिक....

कारणले मृत्यु हुने गरेका छन् । नेपालमा क्षयरोगको उपचार लागि पाँच हजार ५०३ डट्स केन्द्र, २२ वटा मल्टी ड्रग रेसिडेन्स उपचार केन्द्र र ८१ मल्टी ड्रग रेसिडेन्स उपचार उपकेन्द्र, एकवटा ड्रग रेसिडेन्स (होम) र छवटा ड्रग रेसिडेन्स होटल रहेका छन् ।

केन्द्रका निर्देशक डा ठाकुरले हरेक प्रदेशमा राष्ट्रिय क्षयरोग रेफ्ररेन्स प्रयोगशालालाई सुदृढीकरण गरी जिन एक्सपर्ट मेशिन उपलब्ध गराइ क्षयरोगी पत्ता लगाउने बताए । यस्तै, रणनीतिमा आधुनिक उपकरणको प्रयोग गरी समुदाय र स्वास्थ्य संस्थाबाट क्षयरोगका बिरामी पत्ता लगाउने, क्षयरोगका बिरामीको सम्पर्कमा आएका व्यक्तिको खकार जाँचका लागि सम्पर्क परीक्षण (कन्टचाक्ट ट्रेसिङ)को विस्तार गर्ने, बालबालिकामा हुने क्षयरोगको निदान र उपचार व्यवस्थापनलाई सुदृढ गर्नेजस्ता कार्ययोजना रहेका छन् ।

यस्तै, पाँच वर्षमुनिका बालबालिकामा लेटेन्ट क्षयरोग सङ्क्रमणको उपचार ९० प्रतिशतभन्दा बढी पुऱ्याउने योजना रहेको छ ।







## सर्पदंश (सर्पको टोकाइ)बाट बच्न...

- घरवरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरूको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा भुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| | | जानकारी आएन | | |